# सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति

# २०८२

**(नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मिति: २०८२ असोज १२)**

विषयसूची

परिच्छेद १ः परिचय ........ १
१.१. पृष्ठभूमि ........ १
१.१.१. विगतका प्रयास ........ २
१.१.२. वर्तमान स्थिति ........ २
१.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता ........ ४
१.२.१. समस्या ........ ४
१.२.२. चुनौती ........ ५
१.२.३. नयाँ नीतिको आवश्यकता ........ ५
परिच्छेद २ः नीति संरचना ........ ६
२.१. दूरदृष्टि (Vision) ........ ६
२.२. ध्येय (Mission) ........ ६
२.३. लक्ष्य (Goal) ........ ६
२.४. उद्देश्य (Objectives) ........ ६
२.५. नीतिहरू (Policy) ........ ६
२.६. रणनीतिहरू ........ ७
२.७. कार्यनीतिहरू ........ ८
परिच्छेद ३ः नीति कार्यान्वयन ........ २३
३.१ संस्थागत व्यवस्था ........ २३

३.१.१ कार्यान्वयन समिति............................................ २३
३.१.२ सरकारी लगानी व्यवस्थापन इकाई........................ २४
३.२ कानुनी व्यवस्था.................................................... २४
३.३ वित्तीय व्यवस्था..................................................... २५
३.४ नीति समन्वय र सामञ्जस्यता.................................... २५
३.५ जोखिम पहिचान र व्यवस्थापन................................. २५
३.५.१. सम्भावित जोखिम ............................................. २५
३.५.२. जोखिम व्यवस्थापन............................................ २६
३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन................ २६
३.७ नीति कार्यान्वयन कार्ययोजना.................................... २६
अनुसूची -१ नीति कार्यान्वयन कार्ययोजना.......................... २७

## परिच्छेद १ः परिचय

### १.१. पृष्ठभूमि

राज्यको प्रमुख दायित्व नागरिकको अधिकार रक्षा गर्न कानूनको शासन, मानव अधिकार संरक्षण, शान्ति सुरक्षा र आधारभूत बस्तु तथा सेवाको उपलब्धताको सुनिश्चितता प्रदान गर्नु हो। सरकार आफैं संलग्न हुन अनुपयुक्त र निजी क्षेत्र पनि आकर्षित नहुने क्षेत्रका वस्तु र सेवाको उत्पादन तथा वितरण गरी सार्वजनिक सेवाको उपलब्धता र समग्र आर्थिक-सामाजिक विकासमा सहयोग गर्न सार्वजनिक संस्थान स्थापना गर्ने विश्वव्यापी अभ्यास रहेको छ।

आधारभूत वस्तु तथा सेवाको उपलब्धतामा निजी क्षेत्रको दरिलो उपस्थिति रहेको छ। सार्वजनिक संस्थान कुन क्षेत्रमा र कुन रूपमा हुनु पर्दछ भन्ने विषयमा बहस हुने गरेको छ। तथापि, बजारमा प्रतिस्पर्धा सुनिश्चित गर्न र बजार अर्थतन्त्रबाट पर्नसक्ने नकारात्मक असरबाट नागरिकको रक्षा गर्दै कल्याणकारी राज्यको अवधारणा कार्यान्वयन गर्न सार्वजनिक संस्थानको आवश्यकता पर्ने भएकाले नेपाल सरकारले सार्वजनिक संस्थानको सञ्चालनलाई निरन्तरता दिएको छ। तर सार्वजनिक संस्थानको उद्देश्य र व्यवसायिक सञ्चालन आफैमा चुनौतीपूर्ण विषय हो।

सार्वजनिक संस्थानको कार्यकुशलता, व्यवस्थापनमा सुधार र समग्र कार्यसम्पादनमा संस्थागत सुशासन अभिवृद्धि गर्नु जरूरी छ। स्थापनाको उद्देश्य प्राप्ति तथा निजि क्षेत्रसँग प्रतिष्पर्धा गर्दै नागरिकलाई सहज, सरल र सुलभ सेवा दिनुपर्ने संस्थाका सन्दर्भमा यस्तो बहस हुनु स्वाभाविक हो। एकातिर सार्वजनिक संस्थानको प्रशासनिक खर्च, कोषमा व्यवस्था नभएको दायित्व तथा भुक्तानी गर्नुपर्ने ऋणको सावाँ ब्याज बढ्दै जानु र अर्कातिर सरकारलाई प्राप्त हुने लाभांश कम हुँदै जानुले संस्थान सञ्चालनको सान्दर्भिकतामा वहस हुने गरेको छ।

तसर्थ, सार्वजनिक संस्थानमा व्यावसायिकता, प्रतिस्पर्धी क्षमताको विकास र संस्थागत सुशासन सवल बनाई यसको कुशल सञ्चालन गर्नु पर्दछ। यसबाट संस्थान स्थापनाको उद्देश्य तथा औचित्यता पुष्टि हुन्छ। उल्लिखित सन्दर्भमा, नेपालमा सार्वजनिक संस्थानमा रहेका समस्या समाधान गरी यसको आवश्यकतालाई पुनपरिभाषित गर्न समग्र सव्यवास्थापन सुधारबाट संस्थागत सुशासन अभिवृद्धि गर्न दीर्घकालीन आवश्यकता महसुस भएको छ।

### १.१.१. विगतका प्रयास

नेपालले खुला बजार अर्थनीति अवलम्बन गरेसँगै आर्थिक तथा सामाजिक विकासका विविध क्षेत्रमा निजी क्षेत्रको सहभागिता उल्लेख्य रूपमा बढेको छ। सार्वजनिक संस्थान सुधारका लागि विभिन्न कालखण्डमा नेपाल सरकारले उल्लेखनीय प्रयासहरू गरेको छ। प्रजातन्त्र पुनर्स्थापनापछि आर्थिक वर्ष २०४८/४९ देखि निजीकरण प्रक्रिया प्रारम्भ गरियो, जसलाई व्यवस्थित गर्न निजीकरण ऐन, २०५० लागू गरियो। यसअन्तर्गत सार्वजनिक संस्थानको सेयर विनिवेश, सम्पत्ति बिक्री, व्यवस्थापन करार, सम्पत्ति भाडा, तथा समान प्रकृतिका संस्थान गाभ्ने जस्ता विधि अपनाइ हालसम्म ३० संस्थान निजीकरण भइसकेका छन्। निजीकरणसँगै, सरकारको स्वामित्वमा रहेका प्रमुख बैंकहरूको व्यवस्थापन सुधारका लागि वित्तीय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याईयो।जसको कारण बैंङ्कहरूको आन्तरिक नियन्त्रण प्रणाली, लेखा तथा लेखापरीक्षण प्रणाली सबलीकरण, व्यावसायिक प्रक्रिया पुनःसंरचना र व्यवस्थापन सुदृढीकरणमा योगदान पुगेको छ।सार्वजनिक संस्थानको सुधारको क्रममा समान प्रकृतिका संस्थानहरूलाई एकीकरण गरी दक्षता अभिवृद्धि गर्ने प्रयास भएको छ। पछिल्लो समय सञ्चार क्षेत्रका संस्थानहरूलाई समेत गाभी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा सञ्चालन गरिएको छ। सार्वजनिक संस्थानहरूको व्यवस्थापन सुधारका लागि २०६८/६९ मा सार्वजनिक संस्थान निर्देशन बोर्ड स्थापना गरिए तापनि अपेक्षित परिणाम हासिल हुन नसकेकाले २०७५ सालमा बोर्ड खारेज गरियो। विगतका यी प्रयासहरूले व्यवस्थापकीय सुशासनको आवश्यकता र औचित्य पुष्टि गरे तापनि स्पष्ट नीति तथा सुधारको निरन्तरता नहुनु जस्ता कारणले समग्र सुधारमा अपेक्षित प्रगति हुन सकेको छैन। सुधार कार्यलाई निरन्तरता दिँदै व्यवस्थापनका नवीन विधिसहितको कार्ययोजना आवश्यक देखिएको छ।

### १.१.२. वर्तमान स्थिति

नेपालमा अत्यावश्यक वस्तु र सेवाको उत्पादन र वितरण गर्ने, अर्थतन्त्रमा योगदान पुऱ्याउने, विकासका पूर्वाधार तयार गर्ने, योजनाबद्ध विकासका प्रयासमा सघाउ पुऱ्याउने र निजी क्षेत्रका लागि वातावरण तयार पार्नेजस्ता उद्देश्यसहित सार्वजनिक संस्थानहरू स्थापना गरिएका थिए। विक्रम सम्वत् १९९३ मा विराटनगर जूट मिल्सबाट शुरु भएको नेपालको सार्वजनिक संस्थानको इतिहासमा समयक्रमसँगै केही सार्वजनिक संस्थानहरू बन्द, केहीको निजीकरण पश्चात् स्वामित्व हस्तान्तरण र केहि खारेजी भई हाल कुल ४५ सार्वजनिक संस्थान कायम रहेका छन्। हाल कायम रहेका संस्थान मध्ये २० वटा सरकारको पूर्ण स्वामित्व र २५

वटा अधिकांश स्वामित्वमा सञ्चालित छन्। ती सार्वजनिक संस्थानमध्ये ६ वटाले कुनै व्यावसायिक कारोबार गरेका छैनन् भने २ वटा सार्वजनिक संस्थान निष्क्रिय रहेका छन्।

सार्वजनिक संस्थानहरूलाई तिनको उद्देश्य र कार्यप्रकृति अनुरूप औद्योगिक, व्यापारिक, सेवा, सामाजिक, जनोपयोगी र वित्तीय क्षेत्रमा वर्गीकरण गरिएको छ। संस्थान स्थापना तथा सञ्चालन विभिन्न कानूनअनूसार भएका छन्। जसमध्ये कम्पनी ऐनअनुसार ३४, संस्थान विशेष ऐनअनुसार ८, सञ्चार संस्थान ऐन, सहकारी ऐन र संस्थान ऐन अनुसार एक/एक वटा सार्वजनिक संस्थान स्थापना भएका छन्। कार्यक्षेत्र अनुरूप यी संस्थानहरू विभिन्न ११ मन्त्रालय अन्तर्गत सञ्चालित छन्।

आर्थिक वर्ष २०८०/८१ सम्म नेपाल सरकारले सार्वजनिक संस्थानमा कुल रू.७ खर्ब ३ अर्ब ९३ करोड ८८ लाख रुपैयाँ लगानी गरेको छ, जसमध्ये रू.३ खर्ब ६४ अर्ब ८६ करोड १६ लाख रुपैयाँ शेयर लगानी र रू.३ खर्ब ३९ अर्ब ७ करोड ७२ लाख रुपैयाँ ऋण लगानी रहेको छ। सार्वजनिक संस्थानमा गरेको लगानीको तुलनामा सरकारले प्राप्त गर्ने प्रतिफल भने न्यून छ र यो घट्दो क्रममा पनि छ। आर्थिक वर्ष २०७९/८० मा शेयर लगानी वापत नेपाल सरकारले रू.१३ अर्ब ७५ करोड ६७ लाख रुपैयाँ अर्थात् लगानीको करिब ३.८ प्रतिशत लाभांश प्राप्त गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा भने रू. ८ अर्ब ८३ करोड ५६ लाख रुपैयाँ अर्थात् लगानीको २.४ प्रतिशत मात्र लाभांश प्राप्त भएको थियो।

सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २८ वटा नाफामा छन् भने १५ वटा घाटामा रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा संस्थानहरूको खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा १२.८८ प्रतिशतले घट्न गई रू.४२ अर्ब ६२ करोड १६ लाख रुपैयाँमा सीमित भएको छ। घाटामा रहेका सार्वजनिक संस्थानहरूको खुद नोक्सानी रू.३ अर्ब ६३ करोड ६५ लाख रुपैयाँ पुगेको छ। नाफामा रहेका सार्वजनिक संस्थानहरूको खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा ११.५० प्रतिशतले घटेको छ भने घाटामा रहेका संस्थानहरूको खुद नोक्सानी ८.६५ प्रतिशतले बढेको छ।

सार्वजनिक संस्थानको सञ्चालन आय कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा ११.५७ प्रतिशत छ भने नेपाल सरकारको राजस्वमा ५.१६ प्रतिशत योगदान गरेका छन्। संस्थानको कोषमा

व्यवस्था नगरिएको दायित्व बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ सम्म कोषमा व्यवस्था नभएको दायित्व अघिल्लो आर्थिक वर्षको तुलनामा १८.४३ प्रतिशतले वृद्धि भई रू. ६२ अर्ब ६१ करोड ३१ लाख रुपैयाँ पुगेको छ भने सम्भावित दायित्व १८.१२ प्रतिशतले वृद्धि भई रू. २१ खर्ब २६ अर्ब २२ करोड २० लाख रुपैयाँ पुगेको छ।

सार्वजनिक संस्थानमा आन्तरिक नियन्त्रण प्रणालीको अभाव तथा लेखाजोखा सम्बन्धी मापदण्डको अभावले गर्दा नेपाल सरकारले गरेको शेयर तथा ऋण लगानीको यथार्थ आँकलन हुन सकेको छैन। शेयर लगानीतर्फ सार्वजनिक संस्थानको अभिलेख अनुसारको रकम र नेपाल सरकारको अभिलेख अनुसारको रकममा रू.२६ अर्ब ३४ करोड २१ लाख रुपैयाँको फरक देखिएको छ भने ऋण लगानीतर्फ रू.२० अर्ब ५३ करोड १८ लाख रुपैयाँको फरक रकम देखिएको छ।

सार्वजनिक संस्थानहरूका समस्या वित्तीय पाटोमा मात्र सीमित छैनन्। व्यवस्थापकीय कमजोरी, प्रतिस्पर्धात्मक क्षमतामा कमी, उद्देश्यप्राप्तिमा उदासीनता, कमजोर सञ्चालन क्षमता, बढ्दो प्रशासनिक खर्च, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, समयबद्ध लेखापरीक्षणमा उदासीनता र निर्णय प्रक्रियामा वाह्य हस्तक्षेप जस्ता कारणले नाफामै रहेका सार्वजनिक संस्थानको पनि कार्यकुशलता सोहि प्रकृतिका निजी क्षेत्रका व्यवसायको तुलनामा कमजोर रहेको छ। समग्रमा, सार्वजनिक संस्थानमा संस्थागत सुशासन प्रवर्द्धन गर्न आवश्यकता रहेको छ।

## १.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता

### १.२.१. समस्या

सार्वजनिक संस्थानको प्रतिस्पर्धी र व्यावसायिक क्षमता कमजोर रहनु, संस्थानको वित्तीय अवस्था वर्षेनी खस्किदै जानु, संस्थानको निर्णय प्रक्रियामा वाह्य हस्तक्षेप हुनु, कार्यसञ्चालनको नियमित अनुगमन तथा मूल्यांकन र नियमन गर्ने प्रभावकारी संयन्त्र नहुनु, संस्थानको कार्यकारी प्रमुखमा संस्थाको उद्देश्य एवं कार्यक्षेत्र बमोजिमको योग्य व्यक्ति नियुक्ति हुन नसक्नु, अधिकांश सार्वजनिक संस्थानमा कर्मचारी व्यवस्थापन कमजोर हुनु, सरकारी लगानीको यथार्थ आँकलन हुन नसक्नु, सरकारको लगानीको प्रतिफल अत्यन्त न्युन हुनु, कोषमा व्यवस्था नभएको दायित्व तथा सम्भावित दायित्व निरन्तर बढ्दै जानु, संस्थानमा आन्तरिक नियन्त्रण प्रणाली

कमजोर रहनु र संस्थानको समग्र कार्यसम्पादनमा पारदर्शिताको अवस्था कमजोर रहनु जस्ता समस्याहरू रहेका छन्।

### १.२.२. चुनौती

निजी क्षेत्रको सशक्त उपस्थितिका बीच सार्वजनिक संस्थानको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी प्रभावकारिता र कार्यकुशलता अभिवृद्धि गर्नु,, वित्तीय सुधार र अनुशासन कायम गर्नु, सरकारी लगानीको उचित प्रतिफल सुनिश्चित गर्नु, सँगठनात्मक पुनःसंरचना गरी प्रशासनिक खर्च अनावश्यक आर्थिक दायित्व घटाउनु, सञ्चालक समितिको प्रभावकारीता अभिवृद्धि गर्नु, सार्वजनिक संस्थानको व्यवसायिकताका लागि उपयुक्त स्वरूप र सञ्चालन ढाँचा निर्धारण गर्नु, आम नागरिकको अपेक्षा अनुसार वस्तु तथा सेवाको उत्पादन तथा वितरणमा सुधार गर्नु र नीतिगत, कानुनी र प्रक्रियागत सुधार मार्फत संस्थान सञ्चालनमा विद्यमान वाह्य हस्तक्षेप न्यूनीकरण गर्नुपर्ने जस्ता चुनौती रहेका छन्।

### १.२.३. नयाँ नीतिको आवश्यकता

सार्वजनिक संस्थान स्थापनाको उद्देश्य बमोजिम गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन र वितरण सहज र सुलभ बनाउन, सार्वजनिक संस्थानहरूलाई सरकारी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सक्षम बनाउन, सार्वजनिक संस्थानहरूलाई व्यावसायिक रूपमा प्रतिस्पर्धी बनाउन, सार्वजनिक संस्थानभित्रको आन्तरिक व्यवस्थापन सुदृढ गर्दै संस्थागत सुशासन कायम गर्न, सार्वजनिक संस्थानमा सरकारी लगानीको उचित प्रतिफल सुनिश्चित गर्दै कोषमा व्यवस्था नभएको दायित्व र सम्भावित दायित्वबाट सिर्जना हुने जोखिम न्यूनीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली स्थापित गर्न, सार्वजनिक संस्थानका सञ्चालक र कार्यकारी प्रमुखको छनौटलाई योग्यता, अनुभव र कार्यक्षमताका आधारमा व्यवस्थित गर्न, सार्वजनिक संस्थानका पदाधिकारी तथा कर्मचारीहरूलाई संस्थानको उद्देश्य हासिल गर्न सक्षम बनाउँदै नतीजाप्रति जवाफदेही बनाउन र सार्वजनिक संस्थानको कार्यप्रणालीलाई पारदर्शी, नतिजाउन्मुख र जवाफदेही बनाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासको अध्ययन तथा विश्लेषणका आधारमा "सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ तर्जुमा गरिएको छ।

# परिच्छेद २ः नीति संरचना

## २.१. दूरदृष्टि (Vision)

“कुशल, व्यवसायिक, स्वायत्त र नतिजामूलक सार्वजनिक संस्थान मार्फत आर्थिक सम्वृद्धिमा योगदान”

## २.२. ध्येय (Mission)

व्यावसायिक, प्रतिस्पर्धी, जवाफदेही, पारदर्शी र प्रभावकारीसार्वजनिक संस्थान व्यवस्थापन।

## २.३. लक्ष्य (Goal)

गुणस्तरीय र विश्वसनीय वस्तु तथा सेवाप्रदायक, उद्देश्यप्रति सजग, स्रोतको महत्तम परिचालन गर्न समर्थ र व्यावसायिक रूपमा सक्षम सार्वजनिक संस्थान मार्फत देशको आर्थिक-सामाजिक विकासमा योगदान पुर्‍याउने।

## २.४. उद्देश्य (Objectives)

१. सार्वजनिक संस्थानलाई प्रतिस्पर्धी, व्यावसायिक, पारदर्शी र जवाफदेही बनाउनु।

२. सार्वजनिक संस्थानमा संस्थागत सुशासन, वित्तीय अनुशासन र नैतिक आचरणको प्रवर्द्धन गर्नु।

३. सार्वजनिक संस्थानको व्यवस्थापन तथा सेवालाई सहभागितामूलक कुशल, र प्रभावकारी बनाउनु।

## २.५. नीतिहरू (Policy)

२.५.१. सार्वजनिक संस्थानको व्यवस्थापनमा स्वायत्तता, कार्यप्रणालीमा व्यावसायिकता र पारदर्शिता कायम गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित नीति),

२.५.२. सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनौटमा पारदर्शिता, योग्यता प्रणाली र प्रतिस्पर्धा सुनिश्चित गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित नीति)

२.५.३. उपयुक्त र नवीन प्रविधिको प्रयोग गरी सार्वजनिक संस्थानको सेवा प्रक्रिया सरलीकरण, र सुदृढ आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित नीति)

२.५.४ सार्वजनिक संस्थानमा पारदर्शि निर्णय प्रक्रिया, सेवाग्राही प्रति उत्तरदायि र नियमित अनुगमन प्रणालीको स्थापना गरिनेछ। (उद्देश्य २ सँग सम्बन्धित नीति)

२.५.५ सार्वजनिक संस्थानमा वित्तीय अनुशासन कायम गरी स्रोतको महत्तम परिचालन गरिनेछ। (उद्देश्य २ सँग सम्बन्धित नीति)

२.५.६ सार्वजनिक संस्थानमा दक्ष जनशक्ति व्यवस्थापन तथा सहभागितामूलक निर्णय प्रक्रिया मार्फत संस्थानको सेवालाइ प्रभावकारी र नतिजामूलक बनाइनेछ।(उद्देश्य ३ सँग सम्बन्धित नीति)

२.५.७. सार्वजनिक संस्थानको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।(उद्देश्य ३ सँग सम्बन्धित नीति)

## २.६. रणनीतिहरू

**नीति २.५.१.सँग सम्बन्धित**

२.६.१. सार्वजनिक संस्थानको व्यवस्थापन तथा कार्यसम्पादनमा संस्थागत स्वायत्तता सुनिश्चत गर्ने ।

२.६.२. सार्वजनिक संस्थानको कार्यप्रणालीमा व्यावसायिकता प्रवर्द्धन गर्ने।

२.६.३. सार्वजनिक संस्थानलाई व्यवस्थित र उद्देश्यमा आधारित भई वर्गीकरण गर्ने ।

**नीति २.५.२.सँग सम्बन्धित**

२.६.४. सञ्चालक समितिको पुनर्संरचना तथा जिम्मेवारी किटान गरी संस्थानको उद्देश्य अनुरुप बनाउने ।

२.६.५. सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनोटका आधार र प्रक्रियामा पारदर्शीता सुनिश्चित गर्ने ।

२.६.६. सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनोट प्रक्रियामा योग्यता प्रणाली र समावेशिता सुनिश्चत गर्ने ।

**नीति २.५.३.सँग सम्बन्धित**

२.६.७. सार्वजनिक संस्थानको सेवा प्रवाहलाई प्रविधिमा अधारित र एकीकृत बनाउने।

२.६.८. सार्वजनिक संस्थानमा व्यवसाय प्रक्रिया पुनःनिर्धारण (Business Process Reengineering) गर्ने।

**नीति २.५.४.सँग सम्बन्धित**

२.६.९. सार्वजनिक संस्थानको सञ्चालन र व्यवस्थापन तथा निर्णय प्रक्रियामा पारदर्शिता कायम गर्ने।

२.६.१०. सेवाग्राही तथा ग्राहक प्रति उत्तरदायित्व सुनिश्चित गर्ने।

२.६.११. नियमित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने।

**नीति २.५.५.सँग सम्बन्धित**

२.६.१२. सार्वजनिक संस्थानमा पारदर्शी वित्तीय व्यवस्थापन र अनुशासन कायम गरी वित्तीय रुपमा सवल बनाउने।

२.६.१३. सार्वजनिक संस्थानको लेखा प्रणालीलाई विश्वसनीय, समयानुकूल र तुलनायोग्य बनाउने।

२.६.१४ सार्वजनिक संस्थानबाट हुनसक्ने सम्भावित वित्तीय जोखिम पहिचान र नियन्त्रण गर्ने।

२.६.१५. कार्यसम्पादन मापनलाई व्यवस्थित गरी कार्यसम्पादनमा अधारित प्रोत्साहन प्रणाली लागु गर्ने।

**नीति २.५.६.सँग सम्बन्धित**

२.६.१६. सार्वजनिक संस्थानमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने र उपयुक्त जनशक्ति भित्र्याउने।

२.६.१७. सार्वजनिक संस्थानको सँगठनलाई संस्थानको उद्देश्य अनुरुप बनाउने।

२.६.१८. सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन गर्ने।

**नीति २.५.७.सँग सम्बन्धित**

२.६.१९. सार्वजनिक संस्थानमा श्रमिकको सीप विकास र आधुनिक प्रविधि उपयोगलाइ प्रोत्साहन गर्ने।

२.६.२०. सार्वजनिक संस्थानमा अनुसन्धान, नवप्रवर्तन र गुणस्तर सुधारमा जोड दिने।

२.६.२१. वस्तु तथा सेवा उत्पादनमा आवश्यक उर्जा, कच्चा पदार्थ र पूर्वाधारमा सहज पहुँच सुनिश्चित गर्ने।

## २.७. कार्यनीतिहरू

### २.७.१. रणनीति २.६.१. सँग सम्बन्धित (सार्वजनिक संस्थानको व्यवस्थापन तथा कार्यसम्पादनमा संस्थागत स्वायत्तता सुनिश्चत गर्ने)।

(क) सार्वजनिक संस्थानको नियमनकारी तथा सञ्चालन सम्बन्धी कार्य अलग गरिनेछ।

(ख) सञ्चालक समितिलाई नीति निर्माण गर्न तथा व्यावसायिक उद्देश्यप्राप्ति र सञ्चालन रणनीति तयार गरी कार्यान्वयन गर्न सक्षम र स्वतन्त्र बनाइनेछ।

(ग) पदाधिकारी र कर्मचारीलाई कार्यसम्पादनप्रति पूर्णतः जिम्मेवार र जवाफदेही बनाइनेछ।

(घ) संस्थानबाट उत्पादन तथा वितरण हुने वस्तु तथा सेवाको बजारको अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र वस्तु तथा सेवाको लागतका आधारमा व्यवस्थापन र सञ्चालक समितिले यथार्थतामा आधारित मूल्य निर्धारण गर्ने व्यवस्था मिलाइनेछ।

२.७.२. **रणनीति २.६.२. सँग सम्बन्धित (सार्वजनिक संस्थानको कार्यप्रणालीमा व्यावसायिकता प्रवर्द्धन गर्ने)।**

(क) सार्वजनिक संस्थानको व्यवस्थापनलाई सञ्चालक समितिको निर्णय कार्यान्वयन, वस्तु तथा सेवाको उत्पादन र वितरण एवं आन्तरिक कार्य सञ्चालनमा स्वायत्त बनाइनेछ।

(ख) सार्वजनिक संस्थानको कार्यप्रणालीलाई पूर्णतः व्यावसायिक बनाइनेछ।

(ग) सार्वजनिक संस्थानको तत्कालीन, मध्यकालीन र दीर्घकालीन व्यावसायिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

(घ) व्यावसायिक कार्ययोजना बनाउने र सञ्चालक समितिबाट पारित गराई कार्यान्वयन गर्ने जिम्मेवारी सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको हुने व्यवस्था मिलाइनेछ।

(ङ) सार्वजनिक संस्थानको स्वीकृत व्यावसायिक कार्ययोजनाको प्रति सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइनेछ। अर्थ मन्त्रालयले प्रत्येक वर्ष व्यावसायिक कार्ययोजना बमोजिमको प्रगति विश्लेषण गरी तयार पारिएको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

२.७.३. **रणनीति २.६.३. सँग सम्बन्धित (सार्वजनिक संस्थानलाई व्यवस्थित र उद्देश्यमा आधारित भई वर्गीकरण गर्ने) ।**

(क) सार्वजनिक संस्थानहरूलाई व्यावसायिक र रणनीतिक गरी दुई समूहमा वर्गीकरण गरिनेछ।

(ख) निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षेत्रका सार्वजनिक संस्थानलाई व्यावसायिक सार्वजनिक संस्थानको रूपमा वर्गीकरण गरिनेछ।

(ग) निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने सार्वजनिक संस्थानको खरिद प्रक्रियालाई सरलीकृत गरिनेछ।

(घ) नेपाल सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न वा निजी क्षेत्र संलग्न नभएको अत्यावश्यकीय सेवा प्रदान गर्न आवश्यक भएको सार्वजनिक संस्थानलाई रणनीतिक सार्वजनिक संस्थानको रूपमा वर्गीकरण गरिनेछ।

(ङ) सार्वजनिक संस्थान स्थापनाको कानुनी आधार परिवर्तन गर्दै सबै सार्वजनिक संस्थानलाई क्रमशः कम्पनीमा परिणत गरिनेछ।

२.७.४. **रणनीति २.६.४. सँग सम्बन्धित (सञ्चालक समितिको पुनर्संरचना तथा जिम्मेवारी किटान गरी संस्थानको उद्देश्य अनुरुप बनाउने गर्ने)।**

(क) विद्यमान कानुनमा सुधार गरी शेयर स्वामित्वको आधारमा सञ्चालकको प्रतिनिधित्व हुने व्यवस्था मिलाईनेछ।

(ख) सार्वजनिक संस्थानको सञ्चालक समितिलाई नीति निर्माण गर्न तथा व्यावसायिक उद्देश्यप्राप्ति र सञ्चालन रणनीति तयार गरी कार्यान्वयन गर्न सक्षम र स्वतन्त्र बनाइनेछ।

(ग) सार्वजनिक संस्थानको समग्र निर्णय प्रक्रिया र कार्यसम्पादनमा प्रचलित कानुनको अधीनमा रही सञ्चालक समिति र व्यवस्थापनलाई पूर्ण रूपमा जिम्मेवार बनाइनेछ। नेपाल सरकारले निर्देशन दिनु बाहेक संस्थानको दैनिक कार्यमा हस्तक्षेप नगर्ने व्यवस्था मिलाइनेछ।

(घ) व्यवस्थापनलाई निर्देशित गर्न र सहजीकरण गर्न सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नुपर्ने र दुई बैठकबीच अधिकतम दुई महिनाभन्दा बढीको अन्तराल नहुने सुनिश्चित गरिनेछ।

(ङ) प्रत्येक सञ्चालकले एक आर्थिक वर्षको कम्तीमा ७५ प्रतिशत बैठकमा उपस्थिति जनाउनुपर्नेछ।

(च) स्वतन्त्र वा विज्ञ सञ्चालकले मन्त्रालयको सचिव र सञ्चालक समितिको अध्यक्षसँग त्रिपक्षीय कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ। कार्यसम्पादन सम्झौतामा सञ्चालकको हैसियतमा सम्पादन गर्नुपर्ने कार्यहरूको न्यूनतम लक्ष्यसहितको कार्यसम्पादन सूचक उल्लेख गरिनेछ।

(छ) सञ्चालक समितिलाई आफ्नो निर्णयप्रति पूर्ण जिम्मेवार बनाइनेछ।

(ज) व्यवस्थापनको कार्यक्षेत्रमा हस्तक्षेप वा दोहोरोपना हुने गरी व्यवस्था गरिएका विनियम, निर्देशिका, कार्यविधि खारेज गरिनेछ।

(झ) सार्वजनिक संस्थानको सञ्चालक समितिको कार्य विवरण स्पष्ट पारिनेछ। अन्य कुराका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

१. संस्थानको व्यावसायिक कार्ययोजना, वार्षिक बजेट र वित्तीय प्रतिवेदन स्वीकृत गरी लागु गराउने,

२. कार्यकारी प्रमुखको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

३. संस्थानको लेखापरीक्षण, जोखिम व्यवस्थापन, व्यावसायिक सुशासन र पारिश्रमिक सम्बन्धी व्यवस्थालाई पारदर्शी र समयसापेक्ष बनाउने,

४. सार्वजनिक संस्थानको सँगठनात्मक संरचना स्वीकृत गराई लागू गर्ने गराउने,

५. संस्थानमा वित्तीय अनुशासन सुनिश्चित गर्ने,

६. संस्थान गठन गर्ने कानुनबमोजिम तोकिएका कार्यहरू गर्ने गराउने,

७. कर्मचारीको दरबन्दी सिर्जना, नयाँ दरबन्दी थप, सेवा सुविधा वृद्धि (करार र ज्यालादारी कर्मचारी समेतको) जस्ता संस्थालाई दीर्घकालीन आर्थिक दायित्व थपिने विषयमा अनिवार्य रूपमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्रै निर्णय गर्ने,

८. प्रचलित कानुनको अधीनमा रही कर्मचारी प्रशासन, आर्थिक प्रशासन र खरिद प्रक्रियासँग सम्बन्धित विनियम, मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयन गराउने,

९. सञ्चालक समितिका निर्णय कार्यान्वयनको नियमित अनुगमन गरी लेखाजोखा गर्ने व्यवस्था मिलाउने,

१०. प्रचलित सार्वजनिक खरिद कानूनसँग सँगतीपूर्ण हुनेगरी संस्थानको खरिद सम्वन्धि विनियमावलीलाइ अध्यावधिक गर्ने।

(ज) सञ्चालक समितिको आचारसंहिता तयार गरिनेछ। यस आचारसंहितामा अन्य कुराका अतिरिक्त देहायका विषयहरू समावेश भएको हुनुपर्ने व्यवस्था गरिनेछ।

१. संस्थानको हित विपरितको कार्य गर्न वा गराउन नहुने,

२. संस्थानसँग सम्बन्धित कुनै पनि वित्तीय स्वार्थ रहेको कारोबारमा संलग्न हुन नहुने,

३. समान प्रकृतिको उद्देश्य भएको अर्को संस्थानको सञ्चालक, लेखापरीक्षक, सल्लाहकार, कार्यकारी प्रमुख, कर्मचारी र तेस्रो पक्ष सहजकर्ता हुन नहुने,

४. आफ्नो पदको दुरुपयोग गरी कुनै किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन नहुने,

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सञ्चालकको हैसियतमा आफूले सम्पादन गरेका काम कारबाहीको संक्षिप्त विवरण तयार गर्नुपर्ने,

६. आफूलाई जिम्मेवारी दिएको कुरामा बाहेक अन्य विषयमा संस्थानको व्यवस्थापनमा हस्तक्षेप गर्न नहुने,

७. आफु सञ्चालक रहेको संस्थानको खरिद प्रक्रियामा सहभागी नहुने,

८. सञ्चालक समितिको निर्णय र संस्थानको कार्यसम्पादनको जिम्मेवारी वहन गर्नुपर्ने।

**२.७.५. रणनीति २.६.५. सँग सम्बन्धित (सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनोटका आधार र प्रक्रियामा पारदर्शीता सुनिश्चित गर्ने)।**

(क) स्वतन्त्र वा विज्ञ सञ्चालकको नियुक्ति निष्पक्ष ढङ्गले पारदर्शिता कायम गरी गरिनेछ। यसका लागि अन्य विषयका अतिरिक्त देहायका विषयहरू समावेश भएको मापदण्ड बनाई लागु गरिनेछ।

१. संस्थानको उद्देश्य र कार्यप्रकृति अनुरूपको योग्यता,

२. कार्य अनुभव,

३. संस्थानको उद्देश्य र कार्यप्रकृति अनुरूपको क्षेत्रमा पुऱ्याएको योगदान,

४. नैतिकता र सदाचारिता, र

५. स्वार्थको द्वन्द्व (Conflict of Interest) नहुने सुनिश्चितता।

(ख) संस्थानको कार्यकारी प्रमुखले वस्तुगत आधारमा मापनयोग्य कार्यसम्पादन सूचक तयार गरी सञ्चालक समितिसँग कार्यसम्पादन सम्झौता गर्नुपर्ने र सोका आधारमा निजको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ। यस मूल्याङ्कनका आधारमा कार्यकारी प्रमुखलाई प्रोत्साहन पुरस्कार वा दण्डको व्यवस्था गरिनेछ।

(ग) कार्यकारी प्रमुखसँग गरिने कार्यसम्पादन सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका विषयहरू समावेश गरिनेछ।

१. सार्वजनिक संस्थानको उद्देश्य, रणनीति, दूरदृष्टि र लक्ष्यबमोजिम सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकार,

२. व्यावसायिक कार्ययोजना बमोजिम हासिल गर्नुपर्ने लक्ष्य,

३. यस नीतिबमोजिम लागु गर्नुपर्ने आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि गर्नुपर्ने कामकारबाही,

४. यस नीतिको कार्यान्वयन गर्दा पूरा गर्नुपर्ने जिम्मेवारी र वहन गर्नुपर्ने उत्तरदायित्व,

५. सञ्चालक समितिसँग समन्वयात्मक रूपमा काम गर्नुपर्ने व्यवस्था,

६. कार्यसम्पादन सम्झौताबमोजिम त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा सम्पादन गर्नुपर्ने कार्यहरू र तिनको लक्ष्य,

७. कार्यसम्पादनस्तरको आधारमा पुरस्कार वा दण्ड गर्ने व्यवस्था, र

८. व्यावसायिक योजनामा उल्लिखित लक्ष्य तथा खुद नाफाको अनुपात, तरलताको अनुपात, वित्तीय जोखिम सम्बन्धी सूचकाङ्क जस्ता कार्यसम्पादन सूचकको व्यवस्था।

**२.७.६. रणनीति २.६.६. सँग सम्बन्धित (सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनोट प्रक्रियामा योग्यता प्रणाली र समावेशिता सुनिश्चत गर्ने)।**

(क) सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था गरिनेछ।

(ख) सार्वजनिक संस्थानको कार्यकारी नेतृत्व खुला प्रतिस्पर्धाको माध्यमबाट गरिनेछ।

(ग) कार्यकारी प्रमुखको नियुक्तिको वस्तुपरक मापदण्ड बनाई लागु गरिनेछ।

(घ) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुने व्यवस्था मिलाईनेछ।

**२.७.७. रणनीति २.६.७. सँग सम्बन्धित (सार्वजनिक संस्थानको सेवा प्रवाहलाई प्रविधिमा अधारित र एकीकृत बनाउने)।**

(क) संस्थानद्वारा उपलब्ध हुने वस्तु तथा सेवाको विस्तृत जानकारी विद्युतीय माध्यमबाट सार्वजनिक रूपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(ख) संस्थानको आर्थिक कारोवारलाई पूर्णतः विद्युतीय बनाइने छ।

(ग) संस्थानको डिजिटल प्रणालीको नियमित परिक्षण गर्ने र सुधार गर्ने व्यवस्था अनिवार्य गरिनेछ।

(घ) विद्युतीय मध्यमबाट हुने बैंकिंग तथा वित्तीय कारोवारलाई सुरक्षित बनाउन नियमित vulnerability assessment गर्ने व्यवस्था गरिनेछ ।

(ङ) सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर स्वामित्वलाई सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा अभौतिकीकरण (D-Mat) गरिनेछ।

**२.७.८. रणनीति २.६.८. सँग सम्बन्धित (सार्वजनिक संस्थानमा व्यवसाय प्रक्रिया पुनःनिर्धारण (Business Process Reengineering) गर्ने)।**

(क) सार्वजनिक संस्थानको व्यवसाय प्रक्रियाको आवधिक रूपमा पुनरावलोकन गरी/गराई सुधारका क्षेत्र पहिचान गरिनेछ।

(ख) विद्यमान व्यवसाय प्रक्रियामा अनावश्यक र समय सापेक्ष नरहेका प्रक्रियाहरु हटाउने व्यवस्था गरिनेछ।

(ग) सार्वजनिक संस्थानको व्यवसाय प्रक्रियालाई व्यवसायिक योजनासँग आवद्ध गरिनेछ ।

(घ) व्यवसाय प्रक्रियाको सुधारका लागि प्रत्येक संस्थानमा स्थायी संस्थागत संरचना तयार गरिनेछ ।

(ङ) सार्वजनिक संस्थानको उद्देश्य र कार्यक्षेत्रमा स्वार्थको द्वन्द्व नहुने गरी निजी क्षेत्रको प्रतिनिधित्व गराउने व्यवस्था मिलाइनेछ।

**२.७.९. रणनीति २.६.९. सँग सम्बन्धित (सार्वजनिक संस्थानको सञ्चालन र व्यवस्थापन तथा निर्णय प्रक्रियामा पारदर्शिता कायम गर्ने)।**

(क) सार्वजनिक संस्थानको वस्तु तथा सेवाको मूल्य र गुणस्तर सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ ।

(ख) सार्वजनिक संस्थानको वार्षिक कार्यक्रम, वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन र प्रमुख कार्यसम्पादन सूचकाङ्क सार्वजनिक गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ। सार्वजनिक गर्नुपर्ने विषयहरू देहायबमोजिम हुने प्रबन्ध मिलाइनेछ।

१. वार्षिक कार्यक्रम स्वीकृत भएको १ महिनाभित्र,

२. संस्थानको आन्तरिक र बाह्य लेखापरिक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र,

३. यस नीतिबमोजिम सम्पादन गर्नुपर्ने काम कारबाही सम्पन्न भए नभएकोसम्बन्धी प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र,

४. सार्वजनिक संस्थानले उत्पादन गरेको वस्तु तथा सेवा र बिक्री वितरण गरेको वस्तु तथा सेवाको विवरण प्रत्येक त्रैमासिकमा,

५. नेपाल सरकारबाट प्राप्त ऋण तथा अनुदानको उपयोग सम्बन्धी प्रतिवेदन वार्षिक रूपमा र

६. जोखिम व्यवस्थापन समितिको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र।

(ग) सार्वजनिक संस्थानले त्रैमासिक वित्तीय विवरण, सञ्चालक समितिको निर्णय सारांश र प्रमुख परियोजनाहरूको प्रगति प्रतिवेदन अनिवार्य रूपमा अनलाइनमार्फत् प्रकाशन गर्नुपर्ने व्यवस्था गरिनेछ।

**२.७.१०. रणनीति २.६.१०. सँग सम्बन्धित (सेवाग्राही तथा ग्राहक प्रति उत्तरदायित्व सुनिश्चित गर्ने)।**

(क) वस्तु तथा सेवाको लागत तथा गुणस्तरलाई लागतप्रभावी तथा मूल्य प्रतिस्पर्धी बनाइनेछ।

(ख) सेवाप्रवाहलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार तेस्रो पक्षलाई संलग्न गराइनेछ।

(ग) बस्तु वा सेवा प्रबाहको क्रममा ग्राहकको गुनासो भएमा त्यस्तो गुनासो उपर सम्बन्धित निर्णय गर्ने अधिकारीले निर्णयको आधार र कारण सहित ७ दिन भित्र जवाफ दिनु पर्नेछ।

(घ) वस्तु तथा सेवा प्रवाहमा क्षतिपूर्तिको व्यवस्था क्रमशः कार्यन्वयनमा ल्याइनेछ।

(ङ) सार्वजनिक संस्थानको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।

**२.७.११. रणनीति २.६.११. सँग सम्बन्धित (नियमित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने)।**

(क) सार्वजनिक संस्थानको आवधिक लक्ष्य निर्धारण गरी कार्यसम्पादनका आधारमा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ।

(ख) सार्वजनिक संस्थानको सञ्चालक समितिलाई संस्थानको कार्यसम्पादनको नियमित अनुगमन तथा निगरानी गर्न सक्षम बनाई सोको वातावरण तयार गरिनेछ।

(ग) सञ्चालक समितिको निर्णयको कार्यान्वयनको नियमित अनुगमन गरी नतीजा प्राप्त गर्न सघाउ पुऱ्याउने संयन्त्र तयार गरिनेछ।

(घ) सार्वजनिक संस्थानको आन्तरिक नियन्त्रण प्रणालीको नेपाल सरकारले नियमित मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

(ङ) सार्वजनिक संस्थानको नियमित अनुगमन तथा मुल्यांकनका लागि आवश्यक पर्ने तथ्यांक एकीकृत रूपमा "सार्वजनिक संस्थान व्यवस्थापन सूचना प्रणाली" मार्फत प्राप्त हुने व्यवस्था गरिनेछ र उक्त प्रणालीमा विषयगत मन्त्रालय र नियामक निकायको पहुँच सुनिश्चित गरिनेछ।

(च) सार्वजनिक संस्थान व्यवस्थापन सूचना प्रणालीमा संस्थान सम्बन्धी सूचना, तथ्यांक तथा जानकारीको नियमित प्रविष्टि गर्ने व्यवस्था मिलाइनेछ।

**२.७.१२. रणनीति २.६.१२. सँग सम्बन्धित (सार्वजनिक संस्थानमा पारदर्शी वित्तीय व्यवस्थापन र अनुशासन कायम गरी वित्तीय रुपमा सवल बनाउने)।**

(क) सार्वजनिक संस्थानमा रहेको स्रोतको महत्तम (Optimal) र प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

(ख) सार्वजनिक संस्थानको कोषमा व्यवस्था नभएको दायित्व र सम्भावित दायित्व क्रमशः कम गर्दै लगिनेछ। यस्तो दायित्व कुल दायित्वको ५ प्रतिशतभन्दा बढी नहुने व्यवस्था गरिनेछ।

(ग) संस्थानको दायित्वबाट सिर्जित र सिर्जना हुनसक्ने जोखिम न्यूनीकरणका लागि सार्वजनिक संस्थानमा आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागु गरिनेछ। यस प्रणालीमा अन्य विषयका अतिरिक्त देहायका विषयहरू उल्लेख गरिनेछ।

१.सार्वजनिक संस्थानले अवलम्बन गर्ने आर्थिक कार्यविधि,

२.संस्थानका कर्मचारीको सेवा शर्त तथा सुविधासम्बन्धी विषय,

३.कर्मचारी, कार्यकारी प्रमुख र सञ्चालकको काम, कर्तव्य र अधिकार,

४.जोखिम न्यूनीकरण र सम्बोधनको रणनीति,

५.सदाचारिता प्रवर्द्धन गर्ने कार्यविधि,

६.आन्तरिक र अन्तिम लेखापरीक्षण तथा लेखापरीक्षणले औंल्याएका विषयहरूको सम्बोधन गर्ने विधि र

७.संस्थानको नाममा रहेका चल-अचल सम्पत्तिको उचित संरक्षण गर्ने व्यवस्था।

(घ) स्वतन्त्र संचालक सहित दुइ जना सञ्चालक र आन्तरिक लेखापरीक्षण प्रमुख सदस्य रहने गरी लेखा समिति गठन गरिनेछ। लेखा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

१.संस्थानको आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने गराउने,

२.लेखापरीक्षण र वित्तीय कार्यसम्पादन सम्बन्धी प्रतिवेदन त्रैमासिक रूपमा सञ्चालक समितिमा प्रस्तुत गर्ने,

३.संस्थानको आवधिक वित्तीय विवरणको अध्ययन गरी सोको प्रमाण, सत्यता र यथार्थताको यकिन गर्ने,

४.संस्थानको लेखा, बजेट, खरिद प्रणाली र आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्ने,

५.संस्थानको बहीखाता, आन्तरिक लेखापरीक्षण प्रणालीको अभिलेखका कागजात वा विद्युतीय अभिलेखको परीक्षण गर्ने,

६.प्रचलित कानूनबमोजिम तथा नियमनकारी निकायबाट जारी भएको निर्देशन वा संस्थानको नियमावली कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्ने, र

७.लेखासम्बन्धी कामकारबाहीमा सञ्चालक समितिले माग गरेको विषयमा राय परामर्श दिने।

(ङ) प्रचलित कानूनमा उल्लेख भएको अतिरिक्त लेखापरीक्षणको सम्बन्धमा देहायका व्यवस्था गरिनेछ।

१.अन्तिम लेखापरिक्षणको प्रतिवेदनमा उठान गरिएका विषयवस्तुको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ।

२.सार्वजनिक संस्थानले अन्तिम लेखापरीक्षण प्रतिवेदनको एक, एक प्रति सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाउनुपर्नेछ।

३.कार्यकारी प्रमुखले अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उठान गरिएको विषयवस्तु समेटी सुधार कार्ययोजना तयार गरी सञ्चालक समितिमा पेश गर्नुपर्नेछ र सञ्चालक समितिको निर्देशन अनुसार सुधार कार्ययोजना कार्यान्वयन गर्नुपर्नेछ।

(च) सार्वजनिक संस्थानको प्रशासनिक खर्च कुल खर्चको २० प्रतिशतभन्दा बढी नहुने व्यवस्था क्रमशः लागु गरिनेछ।

(छ) सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीहरूले अवकाशपछि प्राप्त गर्ने निवृत्तीभरण र उपदानको सट्टा योगदानमा आधारित निवृत्तीभरण प्रणाली लागु गरिनेछ,

(ज) कानून बमोजिम बाहेक प्रतिष्ठानको आय अन्य कोषमा सार्न नपाउने व्यवस्था गरिनेछ।

**२.७.१३. रणनीति २.६.१३. सँग सम्बन्धित (सार्वजनिक संस्थानको लेखा प्रणालीलाई विश्वसनीय, समयानुकुल र तुलनायोग्य बनाउने)।**

(क) सार्वजनिक संस्थानमा नेपाल वित्तीय प्रतिवेदन मानक (Nepal Financial Reporting Standard) लागू गरिनेछ।

(ख) सार्वजनिक संस्थानको लेखा व्यवस्थापन सूचना प्रणालीमा राख्ने व्यवस्था अनिवार्य गरिनेछ।

(ग) सार्वजनिक संस्थानको वित्तीय प्रतिवेदन नियमित प्रकाशन गर्ने व्यवस्था गरिनेछ।

**२.७.१४. रणनीति २.६.१४. सँग सम्बन्धित (सार्वजनिक संस्थानबाट हुने सम्भावित वित्तीय जोखिम पहिचान र नियन्त्रण गर्ने)।**

(क) सार्वजनिक संस्थानको जोखिम नियन्त्रणका लागि देहायका व्यवस्था गरिनेछ।

१. सार्वजनिक संस्थानले व्यावसायिक कार्ययोजना बमोजिमको लक्ष्यको आधारमा वर्तमान तथा सम्भावित जोखिम पहिचान गरी वर्गीकरण गरिनेछ। जोखिम निगरानीको लागि आन्तरिक निगरानी प्रणाली र नियमित प्रतिवेदन प्रस्तुतिको संयन्त्र तयार गरिनेछ।

२. सार्वजनिक संस्थानमा आउनसक्ने आर्थिक तथा व्यवस्थापकीय पक्षका आन्तरिक र बाह्य जोखिमको सूचकसहितको पहिचान र वर्गीकरण गरिनेछ।

३. पहिचान गरिएका जोखिम न्यूनीकरण तथा व्यवस्थापनको रणनीति तथा प्राविधिक संयन्त्र निर्माण गरिनेछ। यस्ता संयन्त्रको जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट गरिनेछ।

४. संस्थानको रणनीतिक उद्देश्यअनुसार जोखिम सहनशीलताको सीमा निर्धारण गरिनेछ।

५. उच्च जोखिम भएका गतिविधिको लागि विशेष स्वीकृति प्रक्रिया र पूर्वस्वीकृति प्रबन्ध लागू गर्ने व्यवस्था,

६. जोखिमको अभिलेखीकरण र विश्लेषण गरी संस्थागत सिकाइ प्रवाहको प्रबन्ध मिलाइनेछ,

७. जोखिम व्यवस्थापनसम्बन्धी उजुरी तथा गुनासो दर्ता, अनुसन्धान र समाधानका लागि स्वतन्त्र तथा पारदर्शी संयन्त्रको व्यवस्था गरिनेछ।

(ख) सार्वजनिक संस्थानको सञ्चालक समिति मातहतमा रहने गरी स्पष्ट काम, कर्तव्य र अधिकारसहितको जोखिम व्यवस्थापन समिति (Risk Management Committee), लेखा समिति (Accounts Committee), र

अनुपालन समिति (Compliance Committee) को अनिवार्य व्यवस्था गरिनेछ।

(ग) जोखिम व्यवस्थापन समितिमा स्वतन्त्र सञ्चालक सहित दुई जना सञ्चालक सदस्य र सार्वजनिक संस्थानको वित्त प्रमुख रहने व्यवस्था गरिनेछ। यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था मिलाइनेछ।

१. सार्वजनिक संस्थानको सञ्चालन तथा वित्तीय क्षेत्रमा देखिने महत्त्वपूर्ण व्यावसायिक जोखिम पहिचान, व्यवस्थापन र वित्तीय जोखिमको नियमित मूल्याङ्कन गरी जोखिम न्यूनीकरणको रणनीति सिफारिस गर्ने,

२. जोखिम मूल्याङ्कन तथा मापन प्रणाली विकास गरी पालना गर्ने व्यवस्था मिलाउने,

३. जोखिम व्यवस्थापन नीति, कार्यविधि तथा अन्य आवश्यक नियन्त्रण संयन्त्र निर्माण गरी परिचालन गर्ने,

४. जोखिम सहनशीलताको सीमा निर्धारण गरी सञ्चालक समितिबाट पारित गराई कार्यान्वयन गराउने,

५. स्वीकृत जोखिम सहनशीलताको सीमापालनाको नियमित निगरानी गर्ने र

६. जोखिम निगरानीका नतिजा व्यवस्थापन गरी सञ्चालक समितिमा नियमित प्रतिवेदन गर्ने।

(घ) सार्वजनिक संस्थानमा नेपाल सरकारको लगानीको न्यूनतम प्रतिफल निर्धारण गरिनेछ।

**२.७.१५. रणनीति २.६.१५. सँग सम्बन्धित (कार्यसम्पादन मापनलाई व्यवस्थित गरी कार्यसम्पादनमा अधारित प्रोत्साहन प्रणाली लागु गर्ने)।**

(क) नेपाल सरकारले जारी गर्ने नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिइनेछ।

(ख) प्रत्येक सार्वजनिक संस्थानमा कर्मचारीका लागि मासिक तथा वार्षिक लक्ष तोकिनेछ ।

(ग) तोकिएका लक्ष र प्राप्त उपलब्धिको तुलनामा कर्मचारीलाई कार्यसम्पादनमा आधारित मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन प्रणाली लागू गरिनेछ। यसका लागि देहायका व्यवस्था गरिनेछ।

१. कार्य विवरणमा उल्लेख भएका कार्यका अतिरिक्त आवधिक लक्ष्य तोकी सोका आधारमा कर्मचारीको कार्यसम्पादनस्तर मापन गरिनेछ।

२. कर्मचारीलाई प्रोत्साहन गर्दा व्यक्तिगत कार्यसम्पादनस्तरका अतिरिक्त निज कार्यरत रहेको इकाईको सामूहिक कार्यसम्पादनस्तरलाई समेत आधार बनाइनेछ।

३. संस्थानको वित्तीय अवस्था हेरी मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहनको व्यवस्था गरिनेछ।

४. व्यक्तिगत कार्यसम्पादनस्तर ८० प्रतिशत र सामुहिक कार्यसम्पादनस्तर ९० प्रतिशत भएको अवस्थामा मात्र प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ।

**२.७.१६. रणनीति २.६.१६. सँग सम्बन्धित (सार्वजनिक संस्थानमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने र उपयुक्त जनशक्ति भित्र्याउने)।**

(क) सार्वजनिक संस्थानमा कार्यरत कर्मचारी, विज्ञ तथा सहयोगीलाई योग्यता र कार्यक्षमताका आधारमा जिम्मेवारी प्रदान गरिनेछ।

(ख) कर्मचारीको योग्यता, दक्षता र विज्ञता समेतका आधारमा जिम्मेवारी दिइनेछ।

(ग) सार्वजनिक संस्थानमा कार्यरत प्रत्येक कर्मचारीको वस्तुपरक आधारमा मूल्याङ्कन गर्न सकिने कार्य विवरण (Job Description) तयार गरिनेछ।

(घ) सार्वजनिक संस्थानको बजेट तथा कार्यक्रम निर्माणमा संस्थानमा कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ ।

(ङ) संस्थानको नेतृत्व विकास सम्बन्धी कार्यक्रम नियमित रूपमा सञ्चालन गरिने छ ।

(च) संस्थानको विद्यमान कर्मचारी सम्बन्धी विनियमावलीमा संशोधन गरी संस्थानमा आवश्यक प्राविधिक जनशक्ति छिटो माध्यमबाट प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

**२.७.१७. रणनीति २.६.१७. सँग सम्बन्धित (सार्वजनिक संस्थानको सँगठनलाई संस्थानको उद्देश्य अनुरुप बनाउने)।**

(क) सार्वजनिक संस्थानको सँगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी अनावश्यक र असान्दर्भिक दरवन्दी खारेज गरिनेछ।

(ख) सार्वजनिक संस्थानको सँगठन संरचनालाइ कार्यगत र फ्ल्याट (functional and flat) बनाइनेछ ।

**२.७.१८. रणनीति २.६.१८. सँग सम्बन्धित (सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन गर्ने)।**

(क) सार्वजनिक संस्थानमा सम्पादन हुने कार्य, लाग्ने समय र निर्णयका तह प्रष्ट गरिनेछ।

(ख) सार्वजनिक संस्थानका विभागीय प्रमुख, कार्यालय प्रमुख र सेवाकेन्द्र वा इकाई प्रमुखको कार्य जिम्मेवारी स्पष्ट तोकिने छ।

**२.७.१९. रणनीति २.६.१९. सँग सम्बन्धित (सार्वजनिक संस्थानमा श्रमिकको सीप विकास र आधुनिक प्रविधि उपयोगलाइ प्रोत्साहन गर्ने)।**

(क) नवीन प्रविधि उपयोगका लागि प्रोत्साहन प्रणाली लागू गरिनेछ।

(ख) संस्थानमा कार्यरत श्रमिकलाई व्यवहारिक तालिम प्रदान गर्न सम्वन्धित क्षेत्रका तालिम केन्द्रसँग सहकार्य गरिनेछ।

**२.७.२०. रणनीति २.६.२०. सँग सम्बन्धित (सार्वजनिक संस्थानमा अनुसन्धान, नवप्रवर्तन र गुणस्तर सुधारमा जोड दिने)।**

(क) सार्वजनिक संस्थानमा अनुसन्धान तथा विकास इकाई स्थापना गरिनेछ।

(ख) सार्वजनिक संस्थानले वार्षिक बजेटको तोकिएको अंश अनुसन्धान तथा विकासका लागि छुट्याउनु पर्ने व्यवस्था गरिनेछ।

(ग) सार्वजनिक संस्थानको वस्तु तथा सेवा विविधिकरण गरिनेछ।

**२.७.२१. रणनीति २.६.२१. सँग सम्बन्धित (वस्तु तथा सेवा उत्पादनमा आवश्यक उर्जा, कच्चा पदार्थ र पूर्वाधारमा सहज पहुँच सुनिश्चित गर्ने)।**

(क) सार्वजनिक संस्थानको लागि आवश्यक उर्जा निरन्तर आपूर्ति हुने व्यवस्था गरिनेछ।

(ख) सार्वजनिक संस्थानमा कच्चा पदार्थको नियमित आपूर्तिका लागि निजि क्षेत्रसँग सहकार्य गरिनेछ।

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

यस नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी सम्बन्धित सार्वजनिक संस्थानको हुनेछ। सार्वजनिक संस्थानको सञ्चालक समिति र व्यवस्थापनले सामुहिक जिम्मेवारी लिई यस नीतिको इमान्दार कार्यान्वयन गर्नेछन्। नीति कार्यान्वयनमा नेपाल सरकार, अर्थ मन्त्रालय र संस्थान सम्वद्ध मन्त्रालयले सहयोग र सहजीकरण गर्नेछन्। संस्थान सम्वद्ध मन्त्रालयले यस नीति कार्यान्वयनको लागि वार्षिक कार्ययोजना तयार गरी कार्य गर्ने र आर्थिक वर्षको समाप्ति पश्चात प्रतिवेदन तयार गर्नेछन। नीतिबाट उचित प्रतिफल प्राप्त गर्ने हेतु नेपाल सरकार र अर्थ मन्त्रालयले सार्वजनिक संस्थानलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ, जसको पालना गर्नु सार्वजनिक संस्थानको कर्तव्य हुनेछ।

यस नीतिको कार्यान्वयनका लागि सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५० मा व्यवस्था गरिएका देहायका संस्थागत संरचनाहरू क्रियाशील हुनेछन्।

#### ३.१.१ कार्यान्वयन समिति

ऐनको दफा ५क बमोजिम अर्थ मन्त्रालयमा संस्थान समन्वय हेर्ने सचिवको संयोजकत्वमा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय र संस्थानसँग सम्बन्धित मन्त्रालयका सहसचिवहरू र संस्थानको कार्यकारी प्रमुख सदस्य रहेको कार्यान्वयन समितिले सार्वजनिक संस्थानमा सरकारी लगानी व्यवस्थापन सम्बन्धी निर्णयको व्यवस्थित कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ। यस समितिले ऐनको दफा ५ख मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त यो नीति कार्यन्वयनमा आवश्यक सहजीकरण, समन्वय र निर्देशन गर्नेछ।

### ३.१.२ सरकारी लगानी व्यवस्थापन इकाई

ऐनको दफा ५ग बमोजिम अर्थ मन्त्रालयको संस्थान समन्वय हेर्ने सहसचिवको संयोजकत्वमा सरकारी लगानी व्यवस्थापन इकाई रहनेछ। यस इकाईले ऐन बमोजिमको समिति र कार्यान्वयन समितिलाई सार्वजनिक संस्थानमा रहेको सरकारी लगानी व्यवस्थापन सम्बन्धमा सहयोग गर्नेछ। अन्य कार्यका अतिरिक्त यस नीति सम्वन्धम इकाईले देहायका कार्यहरू गर्नेछः

(क) यस नीति तथा सार्वजनिक संस्थान सम्बन्धी अन्य कानुनको पालनाको अनुगमन गर्ने,

(ख) सार्वजनिक संस्थानसम्बन्धी वित्तीय कागजातहरू आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिक रूपमा उपलब्ध गराउने सुनिश्चित गर्ने,

(ग) सार्वजनिक संस्थानको वित्तीय जोखिमको विश्लेषणको आधारमा नेपाल सरकारको शेयर तथा ऋण लगानीका सम्बन्धमा सिफारिस गर्ने,

(घ) सार्वजनिक संस्थानको वित्तीय तथा गैरवित्तीय लक्ष्य तथा मापदण्डका सम्बन्धमा संस्थान सञ्चालक समिति र व्यवस्थापनलाई सुझाव दिने,

(ङ) सार्वजनिक संस्थानबाट तयार पारिएको व्यावसायिक कार्ययोजनामा सुझाव प्रदान गर्ने,

(च) सार्वजनिक संस्थानको कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन अर्थ मन्त्रालयमा पेश गर्ने,

(छ) सार्वजनिक संस्थान सुधारको मार्गचित्र तयार गरी कार्यान्वयन समिति र अर्थ मन्त्रालयमा पेश गर्ने र

(ज) नेपाल सरकारले यस नीति कार्यान्वयनका लागि तोकेका अन्य कार्यहरू गर्ने।

## ३.२ कानुनी व्यवस्था

(क) यस नीति कार्यान्वयनको क्रममा सार्वजनिक संस्थान सम्बन्धी नीतिगत र कानूनी व्यवस्थामा समयसापेक्ष सुधार गरिनेछ।

(ख) सार्वजनिक संस्थानको लगानी व्यवस्थापन तथा व्यावसायिक सुशासन सम्बन्धी नीति तथा कानून र अन्य क्षेत्रगत नीति तथा कानूनबीच सामन्जस्य कायम गरिनेछ।

(ग) यस नीति कार्यान्वयनको क्रममा आवश्यकताअनुसार सार्वजनिक संस्थान सम्बन्धी प्रचलित कानूनहरूको समीक्षा गरी त्यस्ता कानूनमा संशोधन तथा नयाँ कानून निर्माणको पहल गरिनेछ।

(घ) सम्बन्धित मन्त्रालयले यस नीति अनुकूल हुने गरी सार्वजनिक संस्थानको पदाधिकारी नियुक्ति सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गर्नेछ।

(ङ) यस नीति अनुकूल हुने गरी सार्वजनिक संस्थानको गठन आदेश, प्रबन्धपत्र तथा नियमावली संशोधन गरिनेछ।

(च) विभिन्न कानुनद्वारा स्थापना गरिएका सार्वजनिक संस्थानलाई क्रमशः कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीमा परिणत गर्ने प्रक्रिया अघि बढाइनेछ।

## ३.३ वित्तीय व्यवस्था

सार्वजनिक संस्थानले आफ्नो आन्तरिक स्रोत परिचालन गरी यस नीतिको कार्यान्वयन गर्नेछन्। अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयको नियमित बजेटबाट यस नीति र सम्बन्धित अन्य कानुनमा भएका संस्थागत संरचना क्रियाशील गराइनेछ।

## ३.४ नीति समन्वय र सामञ्जस्यता

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक संस्थान सम्वद्ध मन्त्रालय र सार्वजनिक संस्थानबाट प्राप्त राय सुझावलाई यस नीतिमा समावेश गरिएको छ। आवधिक योजना र यस अघि सार्वजनिक संस्थानको सुधारका लागि भएका अध्ययन प्रतिवेदनले उल्लेख गरेका विषयहरुसँग सामन्जस्य कायम गरिएको छ।

यस नीति कार्यन्वयनमा अर्थ मन्त्रालयले संयोजनकारी भूमिका निर्वाह गर्नेछ। सार्वजनिक संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशनमा संस्थान सम्वद्ध मन्त्रलायले अर्थ मन्त्रालयसँग समन्वयमा काम गर्नेछन।

## ३.५ जोखिम पहिचान र व्यवस्थापन

### ३.५.१. सम्भावित जोखिम

विश्वव्यापी आर्थिक संकट, प्राकृतिक विपद तथा महामारी, जलवायु परिवर्तन, प्रविधिगत प्रणालीको दीगो सञ्चालन र अन्तर निकाय समन्वय जस्ता विषयहरु सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासनमा सम्भावित जोखिमको रूपमा पहिचान गरिएका छन्।

### ३.५.२. जोखिम व्यवस्थापन

सार्वजनिक संस्थानले जोखिम व्यवस्थापन तथा अत्यावश्यक वस्तुको सेवा निरन्तरताको सुनिश्चितताको लागि आकस्मिक सेवा निरन्तरता योजना तयार गरी सम्भावित जोखिम न्यूनीकरण गर्नेछन।

## ३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

सरकारी लगानी व्यवस्थापन इकाईले सार्वजनिक संस्थानको व्यवस्थापकीय सुशासनको नियमन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ। यस इकाईले यस नीतिको कार्यान्वयनबाट प्राप्त प्रतिफल, नीतिको उद्देश्य प्राप्तिमा देखिएका समस्या पहिचान गरी समाधानको उपाय सहितको प्रतिवेदन नेपाल सरकारमा पेश गर्नेछ। यस नीति परिपालना प्रतिवेदनको ढाँचा इकाईले तयार गरी अर्थ मन्त्रालयले स्वीकृत गर्नेछ।

सरकारी लगानी व्यवस्थापन इकाईले आफूलाई तोकिएको काममा सहयोग गर्न, सार्वजनिक संस्थानमा भएको लगानीको व्यवस्थापनको लेखाजोखा गर्न, यस नीतिको परिपालनाको अनुगमन तथा मूल्याङ्कन गर्न तथा सार्वजनिक संस्थानको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाको विश्लेषण गरी सार्वजनिक संस्थानले गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिन आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञको सेवा लिन सक्नेछ।

नेपाल सरकारले यस नीति कार्यान्वयनमा आएको तीन वर्षमा नीति कार्यान्वयनको मध्यावधि समीक्षा गर्नेछ। नीति कार्यान्वयनमा आएको पाँच वर्ष पूरा भएको छ महिनाभित्र नीतिलाई समयसापेक्ष बनाउने गरी संशोधन वा पुनर्लेखन गरिनेछ।

## ३.७ नीति कार्यान्वयन कार्ययोजना

यस नीतिमा उल्लिखित कार्यनीतिहरु कार्यान्वयनका लागि अनुसूची १ अनुसारको नीति कार्यान्वयन कार्ययोजना रहनेछ।

## अनुसूची -१ नीति कार्यान्वयन कार्ययोजना

| क्र. स. | कार्यनीति बमोजिमका क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक संस्थान सम्वन्धी विद्यमान कानुनहरूमा सुधार गर्नुपर्ने विषयवस्तु पहिचान गर्ने। | सार्वजनिक संस्थान सम्वद्ध मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८३ असार | सुधारका विषयवस्तु पहिचान भएको हुने |
| २ | सार्वजनिक संस्थानको कार्यकारी प्रमुखले विभागीय प्रमुखसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाउने। | सार्वजनिक संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित सार्वजनिक संस्थान | आर्थिक वर्ष २०८२-८३ देखि निरन्तर | कार्यकारी प्रमुख र विभागीय प्रमुख बीच कार्यसम्पादन करार भएको हुने |
| ३ | सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका लागि संस्थानको व्यवसायिक उद्धेश्य हासिल गर्न आवश्यक तालिम सञ्चालन गर्ने। | सम्बन्धित सार्वजनिक संस्थान | संस्थान सम्वद्ध मन्त्रालय, राष्ट्रिय स्तरका तालिम प्रदायक संस्था | निरन्तर | कर्मचारीको क्षमता विकास भइ संस्थानको व्यवसायिक उद्धेश्य हासिल गर्न सघाउ पुग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सार्वजनिक संस्थानले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित सार्वजनिक संस्थान | निरन्तर | सञ्चालक समितिबाट संस्थानको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भइ कार्यान्वयनमा आएको हुने |
| ५ | संस्थान सम्वन्धि वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन एवं कार्ययोजनामा उल्लेखित विषयको पालना गर्ने। | अर्थ मन्त्रालय | संस्थान सम्वद्ध मन्त्रालय | निरन्तर | मार्गदर्शन एवं कार्ययोजना पालना भएको हुने |
| ७ | संस्थानले तत्कालीन, मध्यकालीन र दीर्घकालीन व्यवसायिक कार्ययोजना तयार गरी सो अनुसार कार्य गर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | पहिलो योजना २०८२ कार्तिक तत्पश्चात आवधिक रूपमा नियमित | व्यवसायिक कार्ययोजना तयार भएको हुने |
| ८ | संस्थान सम्वद्ध मन्त्रालयले कार्ययोजनाको प्रगतिको नियमित अनुगमनको व्यवस्था मिलाउने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित संस्थान | नियमित | कार्ययोजनाको प्रगति अनुगमन भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | मूल्य निर्धारणमा लागत जोड विधि लागु गर्ने सम्वन्धमा अवश्यक कार्यविधि तथा मापदण्ड तयार गरी लागु गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित संस्थान | २०८३ असार | कार्यविधि तथा मापदण्ड तयार गरी लागु भएको हुने |
| १० | सार्वजनिक संस्थानबाट उत्पादित वस्तु तथा सेवा वितरणमा तेस्रो पक्षको संलग्नता वारे अध्ययन गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित संस्थान | २०८३ बैशाख | अध्ययन प्रतिवेदन प्राप्त भएको हुने |
| ११ | सार्वजनिक संस्थानको आवधिक लक्ष सहितका योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | पहिलो योजना २०८३ बैशाख तत्पश्चात आवधिक रूपमा निरन्तर | आवधिक लक्ष सहितका योजना तयार भएको हुने |
| १२ | सार्वजनिक संस्थानको वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, प्रमुख कार्यसम्पादन सूचकाङ्क लगायतका मुख्य प्रतिवेदन सार्वजनिक गर्नुपर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | आवधिक | प्रतिवेदनहरु सार्वजनिक भएको हुने |
| १३ | सार्वजनिक संस्थानले सञ्चालक समितिको बैठक सञ्चालन कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | २०८२ माघ | कार्यविधि स्वीकृत भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सार्वजनिक संस्थानका सञ्चालक समितिका सदस्य, कार्यकारी प्रमुख र कर्मचारीको आचारसंहिता तयार गरी लागु गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | अर्थ मन्त्रालय, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | २०८३ असार | आचार संहिता तयार भई लागु भएको हुने |
| १५ | सञ्चालक समितिका अध्यक्षसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | अर्थ मन्त्रालय, सम्बन्धित संस्थान | नियुक्ति भएको मितिले ३० दिन भित्र र प्रत्येक श्रावण महिना भित्र | कार्यसम्पादन सम्झौता भएको हुने |
| १६ | नयां नियुक्त हुने सञ्चालक समितिका सदस्यलाइ संस्थान सम्वन्धी तालिम तथा अभिमुखिकरणको व्यवस्था गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित संस्थान | त्रैमासिक रूपमा | नयाँ नियुक्त हुने सञ्चालक समिति सदस्यले तालिम प्राप्त गरेका हुने |
| १७ | संस्थान सम्वद्ध मन्त्रालयबाट सार्वजनिक संस्थानलाई प्रदान गरिने सेवालाई संस्थानको लेखा परिक्षण तथा वार्षिक साधारण सभासँग अवद्द गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | सम्बन्धित संस्थान | निरन्तर | संस्थानको लेखा परिक्षण र साधारण सभा नियमित भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | नेपाल सरकारका बिभिन्न निकायका नाममा रहेको सेयर स्वामित्वका अधारमा सञ्चालक नियुक्ती हुने व्यवस्था गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | अर्थ मन्त्रालय, सम्बन्धित संस्थान | २०८३ असार | सेयर स्वामित्वका अधारमा सञ्चालक नियुक्ती भएको हुने |
| १९ | स्वतन्त्र र विज्ञ सञ्चालक नियुक्तिका लागि अवश्यक मापदण्ड तयार गरी लागु गर्ने। | संस्थान सम्वद्ध मन्त्रालय | अर्थ मन्त्रालय, सम्बन्धित संस्थान | २०८३ बैशाख | मापदण्ड तयार भइ लागु भएको हुने |
| २० | संस्थानका कार्यकारी प्रमुखको छनोटको एकीकृत सैदान्तिक ढांचा तयार गरी लागु गर्ने। | अर्थ मन्त्रालय | संस्थान सम्वद्ध मन्त्रालय | २०८२ माघ | कार्यकारी प्रमुखको छनोटको एकीकृत सैदान्तिक ढांचा तयार भएको हुने |
| २१ | कार्यकारी प्रमुखसँग गरिने कार्यसम्पादन सम्झौताको ढांचा तयार गर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | २०८२ फागुन | कार्यसम्पादन सम्झौताको ढांचा तयार भएको हुने |
| २२ | सार्वजनिक संस्थानमा कार्यरत प्रत्येक कर्मचारीको वस्तुपरक आधारमा मूल्याङ्कन गर्न सकिने कार्य विवरण (Job Description) तयार गरिने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | २०८२ फागुन | प्रत्येक पदको कार्य विवरण तयार भई लागु भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | नेपाल वित्तीय प्रतिवेदन मानक अनिवार्य गर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय, महालेखा परीक्षकको कार्यालय | आर्थिक वर्ष २०८३-८४ देखि | नेपाल वित्तीय प्रतिवेदन मानक लागु भएको हुने |
| २३ | सञ्चालक समिति मातहतमा रहने गरी स्पष्ट काम, कर्तव्य र अधिकारसहितको जोखिम व्यवस्थापन समिति (Risk Management Committee), लेखा समिति (Accounts Committee), र अनुपालन समिति (Compliance Committee) सहितको संरचना गठन गर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | २०८२ चैत्र | समिति गठन भई क्रियाशील भएको हुने |
| २४ | सञ्चालक समितिको निर्णय सारांश र प्रमुख परियोजनाहरूको प्रगति प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था गर्ने। | सम्बन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | नियमित | निर्णय सारांश र प्रगति प्रतिवेदन प्रकाशन भएको हुने |
| २५ | सार्वजनिक संस्थानमा गरिने लगानीको न्युनतम प्रतिफल प्रक्षेपण गर्ने। | अर्थ मन्त्रालय | संस्थान सम्वद्ध मन्त्रालय, सम्बन्धित संस्थान | नियमित | लगानीको न्युनतम प्रतिफल एकिन भएको हुने |
| २६ | सरकारी लगानी व्यवस्थापनका सूचक तयार गरी प्रतिष्ठान पहिचान तथा वर्गिकरण गर्ने। | सरकारी लगानी व्यवस्थापन समिति | संस्थान सम्वद्ध मन्त्रालय, | वार्षिक रूपमा | सरकारी लगानी व्यवस्थापन गर्नुपर्ने प्रतिष्ठानको पहिचान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकारी लगानी व्यवस्थापन इकाई, सम्बन्धित संस्थान | | तथा वर्गीकरण भएको हुने |
| २७ | सार्वजनिक संस्थानमा कार्यरत कर्मचारी तथा पदाधिकारीको सेवा सुविधा सम्वन्धी मापदण्ड तयार गरी लागु गर्ने। | अर्थ मन्त्रालय | संस्थान सम्वद्ध मन्त्रालय, सम्बन्धित संस्थान | २०८३ असार | मापदण्ड तयार भई लागु भएको हुने |
| २८ | सार्वजनिक संस्थानको कर्मचारी विनियमावलीमा समसामयिक सुधार गर्ने। | सम्वन्धित संस्थान | संस्थान सम्वद्ध मन्त्रालय, अर्थ मन्त्रालय, लोक सेवा आयोग | निरन्तर | सार्वजनिक संस्थानको कर्मचारी विनियमावलीमा सुधार भएको हुने |
| २९ | संस्थान स्थापनाको कानूनी आधार परिवर्तन गर्दै क्रमशः सिमित दायित्वका कम्पनीमा परिणत गर्ने। | संस्थान सम्वध्द मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित संस्थान | आर्थिक वर्ष २०८३-८४ बाट क्रमशः | सिमित दायित्वका कम्पनीमा परिणत भएका हुने |
| ३० | रणनीतिक सार्वजनिक संस्थानको रुपमा बर्गिकरण गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८३ असार | रणनीतिक सार्वजनिक संस्थानको वर्गीकरण भएको हुने |
| ३१ | निजि क्षेत्रसँग प्रतिष्पर्धी संस्थानलाइ व्यवसायिक सार्वजनिक संस्थानको | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८३ असार | व्यावसायिक सार्वजनिक संस्थानको वर्गीकरण भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | रूपमा वर्गीकरण एवं खरिद प्रक्रिया सरलीकरण। | | | | |
| ३२ | निवृतिवरण र उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गरिने। | अर्थ मन्त्रालय | संस्थान सम्वद्ध मन्त्रालय, सम्बन्धित संस्थान | २०८२ माघ | योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु भएको हुने |
| ३३ | सार्वजनिक संस्थानको जोखिम न्यूनीकरण र नियन्त्रण प्रणाली विकास गरिने। | सम्बन्धित सार्वजनिक संस्थान | संस्थान सम्वद्ध मन्त्रालय | २०८३ असार | जोखिम न्यूनीकरण र नियन्त्रण प्रणाली तयार भइ लागु भएको हुने |